संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ३९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल असार २९ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै निम्नलिखित मा० सदस्यहरुले हात उठाएर समय माग गर्नुहुँदै ग्लोबल टेण्डर विना नै बद्नाम कम्पनी मार्फत् हतारमा नेपाल प्रहरीको लागि सरकारले हतियार खरिद गर्न लागेको विषयमा गृह मन्त्रीले सदनमा जानकारी गराउनु पर्ने, स्वास्थ्य बीमा बापतको रकम सरकारले उपलब्ध नगराएको कारण लाखौं बिमीत नागरिकहरु सो सेवाबाट वञ्चित भएको, राष्ट्र बैंकका गर्भनर प्रचलित ऐन कानूनको विपरीत राजनीतिक दलमा आबद्ध भएको भनी विभिन्न पत्रिकाहरुमा आएको विषयमाथि छानविन गरी दोषीमाथि कारवाही हुनुपर्ने, अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा सरकारले संघीय संसदमा दर्ता गराएको संवैधानिक परिषद् संशोधन सम्बन्धी विधेयक फिर्ता लिनुपर्ने लगायतका विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री मिनबहादुर विश्वकर्म
३. मा० श्री रेखा शर्मा
४. मा० डा० शिवमाया तुम्वाहाङफे

तदुपरान्त शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अञ्जना विसंखे
२. मा० श्री अमृता थापा
३. मा० श्री इन्दु कुमारी शर्मा
४. मा० श्री कु. तुल्सी थापा
५. मा० श्री कृष्णगोपाल श्रेष्ठ
६. मा० श्री कृष्णप्रसाद दाहाल
७. मा० श्री कृष्णबहादुर राई
८. मा० श्री केदार सिग्देल
९. मा० श्री खगराज अधिकारी
१०. मा० श्री गगन कुमार थापा
११. मा० श्री गजेन्द्र बहादुर महत
१२. मा० श्री गणेश कुमार पहाडी
१३. मा० श्री घनश्याम खतिवडा
१४. मा० श्री चाँदतारा कुमारी
१५. मा० श्री जीप छिरिङ लामा
१६. मा० श्री झपटबहादुर रावल
१७. मा० श्री कृष्णभक्त पोखेल

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पत्ति भएको "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन विना पारित भएको सन्देशको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ८ बमोजिम प्रतिनिधि सभाको उपसभामुख पदको निर्वाचनको लागि २०७९ साल असार ३१ गते शुक्रबारको दिन तोकेको जानकारी गराउनु हुँदै उक्त नियमावली बमोजिम प्रतिनिधि सभाको सचिव श्री गोपालनाथ योगीलाई उपसभामुख पदको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना आजै प्रकाशित गर्न निर्देशन दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवाल, मा० श्री शेरबहादुर तामाङ र मा० डा० भीम बहादुर रावलबाट विरोधको सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने निम्नलिखित मा० सदस्यहरुले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिननुभयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री शेरबहादुर तामाङ
३. मा० डा० भीम बहादुर रावल

त्यसपछि विधेयक प्रस्तुतकर्ता मा० गृह मन्त्री श्री बालकृष्ण खांणले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने निम्नलिखित मा० सदस्यहरुले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनाहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री शेरबहादुर तामाङ
३. मा० डा० भीम बहादुर रावल

तत्पश्चात "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचनाहरु बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" प्रस्तुत गर्नुभयो ।

त्यसपछि मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले मिति २०७९ असार २७ गतेको बैठकमा गणपूरक संख्याको अभावमा निर्णयार्थ प्रस्तुत हुन बाँकी "नेपाल रेल्वे विधेयक, २०७९" माथि निम्नलिखित मा० सदस्यहरुले पेश गर्नुभएको संशोधन प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो र संशोधन प्रस्तुतकर्ता मा० श्री दिव्यमणि राजभण्डारीले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नु नपर्ने जानकारी गराउनु भयो ।

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री प्रेम सुवाल
३. मा० डा० भीम बहादुर रावल

तत्पश्चात सम्माननीय सभामुखले मा० सदस्यहरु, अब म राष्ट्रिय सभाको सन्देश सहितको विधेयकको दफा २ देखि ९० सम्म "नेपाल रेल्वे विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रिय सभाको सन्देश सहितको विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "नेपाल रेल्वे विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको तर्फबाट मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले राष्ट्रिय सभाको सन्देश सहितको "नेपाल रेल्वे विधेयक, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तत्पश्चात मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त विधेयकमाथि ३ जना मा० सदस्यहरुबाट संशोधन प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त निम्नलिखित संशोधनकर्ता मा० सदस्यहरुले आ-आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री गिरिराजमणि पोखरेल
३. मा० श्री प्रेम सुवाल

तत्पश्चात उक्त विधेयकमाथिको दफावार छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री योगेश कुमार भट्टराई
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री बिमला बि.क.

त्यसपछि मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त मा० श्री दिव्यमणि राजभण्डारी र मा० श्री गिरिराजमणि पोखरेलले आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिनु भएकोले सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नु नपर्ने जानकारी गराउनु भयो र मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ४ सम्म "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त विधेयकमाथि २ जना मा० सदस्यहरुबाट संशोधन प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त संशोधनकर्ता मा० श्री प्रेम सुवाल र मा० श्री गिरिराजमणि पोखरेलले आ-आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तत्पश्चात उक्त विधेयकमाथिको दफावार छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री नारायण प्रसाद खतिवडा
४. मा० श्री पुष्पा भुसाल (गौतम)
५. मा० श्री घनश्याम खतिवडा
६. मा० श्री मैना कुमारी भण्डारी

त्यसपछि मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो र मा० श्री गिरिराजमणि पोखरेलले आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिनुभएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि १७ सम्म "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भवानी प्रसाद खापुङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असार ३० गते बिहीबार दिनको ३:०० बजे बस्नेगरी आजको बैठक दिनको २:२० बजे स्थगित भयो ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव